राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४६ २०८२ चैत २७ गते शुक्रवार (10 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## श्रममन्त्री साह पदमुक्त



दैनिक समाचारदाता
जनकपरधाम, २६ चैत, । प्रधानमन्त्री बालेन शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपककुमार साहलाई बिहीबार पदमुक्त गरेका छन् । प्रधानमन्त्री शाहले रास्वपाको सिफारिसअनुसार बिहीबार साहलाई मन्त्री पदबाट हटाउने निर्णय गरेका हुन् ।

रास्वपा सभापति रवि लामिछानेले बिहीबार नै श्रममन्त्री साहले मन्त्री पदमा बहाल रहँदा पदीय मर्यादाको दुरुपयोग गरी श्रीमतीलाई लामो समयदेखि निष्क्रिय रहेको स्वास्थ्य बीमा बोर्डको सदस्यका रूपमा नियमित कार्यमा संलग्न गराएको भन्दै कारबाहीका लागि प्रधानमन्त्रीसमक्ष सिफारिस गरेका थिए ।

यसअघि बुधबार नै रास्वपाको केन्द्रीय अनुशासन आयोगले यस विषयमा विस्तृत अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने प्रतिवेदन पार्टीसमक्ष पेस गरेको थियो । मन्त्री साहको यस्तो गतिविधिबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामा गम्भीर आँच पुग्ने देखिएको निष्कर्षसहित रास्वपा सभापति लामिछानेले प्रधानमन्त्री शाहसमक्ष आयोगको प्रतिवेदनसहित सिफारिस पेस गरेका थिए । सोही सिफारिस र आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रधानमन्त्रीकी प्रेस विज्ञ दीपा दाहालले जानकारी दिइन् ।

रास्वपाले आफ्नो पार्टी विधानको धारा २५ (४) (क) ले पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामा आँच आउन नदिने जिम्मेवारी सुम्पेको उल्लेख गरेको छ। साथै, पदको दुरुपयोग भएको अवस्थामा पार्टी विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन सक्ने (राइट टु रिकल) व्यवस्था भएकाले मन्त्री साहलाई तत्काल जिम्मेवारीबाट अलग गर्न सिफारिस गरिएको थियो।

यसैगरी, यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारी निर्वाह गर्दा अपेक्षित गम्भीरता नदेखाएको भन्दै रास्वपा सभापति लामिछानेले स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतालाई समेत सचेत गराउन प्रधानमन्त्री शाहसमक्ष सिफारिस गरेका थिए । सोही सिफारिसका आधारमा प्रधानमन्त्री शाहले मन्त्री मेहतालाई समेत सचेत गराइसकेका छन् ।

## जनलोकपाल आयोगमा वार्षिक करोडौं खर्च, उपलब्धी शुन्य

दैनिक समाचारदाता
जनकपुरधाम, २६ चैत । मधेश प्रदेश सरकारद्वारा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको जनलोकपाल आयोग प्रभावकारी काम गर्न नसक्दा आलोचनाको केन्द्रमा परेको छ । कार्यालयमा कर्मचारी उपस्थित भएपनि कामको अभावका कारण दिनभर बस्ने र फर्किने दैनिकी नै बनेको पाइएको छ ।

एक कर्मचारीका अनुसार कहिलेकाहीँ उजुरी आयो भने काम हुन्छ, नत्र आउने, बस्ने र फर्किने मात्रै हो प्रतिक्रिया दिएका छन् ।

३३ जनाको दरबन्दी रहेको आयोगमा हाल कायम मुकायमसहित १३ जना कर्मचारी कार्यरत छन् । तीमध्ये २ जना उपसचिव, ३ जना शाखा अधिकृत, १ जना कानुन अधिकृत, १ जना सह(लेखापाल, १ जना सुब्बा, ५ जना कार्यालय सहयोगी र १ जना चालक रहेका छन् । कर्मचारीको उपस्थितिका बाबजुद कामको प्रभावकारिता भने न्यून देखिएको छ ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको पालामा अख्तियार दुरुपयोग अनुसन्धान



आयोगजस्तै शक्तिशाली निकायका रूपमा गठन गरिएको जनलोकपाल आयोगले अपेक्षित परिणाम दिन सकेको छैन । आयोगमा पदाधिकारी तथा कर्मचारीको तलब(भत्ता र सेवा( सुविधामा वर्षेनी एक करोड रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा मात्र १ करोड ३५ लाख ३३ हजार ६३४ रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ ।

प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार २२ भदौ २०७८ मा गठन भएको आयोगले साढे चार वर्षको अवधिमा जम्मा ५६ वटा उजुरी मात्रै प्राप्त गरेको छ । चालु आर्थिक वर्षमा १० वटा उजुरी परेको जनाइएको छ । तर ती उजुरीमाथि अनुसन्धान भए पनि ठोस कारबाही भएको देखिँदैन ।

आयोगका सूचना अधिकारी प्रशन्नराज कर्णका अनुसार प्राप्त उजुरीमाथि अनुसन्धान, बयान तथा स्थलगत निरीक्षण गरिने र अनियमितता भेटिएमा फाइल अख्तियारमा पठाइने गरिएको छ । उनका अनुसार हालसम्म १५ वटा उजुरी अनुसन्धानपछि कारबाहीका लागि पठाइएको छ ।

तर आयोगसँग प्रत्यक्ष कारबाही गर्ने अधिकार नभएकाले यसको भूमिका सीमित देखिएको छ । जनलोकपाल ऐनअनुसार आयोगले अनुसन्धानपछि फाइल अख्तियारमा पठाउने व्यवस्था मात्र रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकारीहरूका अनुसार जनलोकपालबाट पठाइएका फाइलहरू पुनः शून्यबाट

*बाँकी ४ पृष्ठमा*

## पूर्वसभामुख महरा विरुद्ध भ्रष्टाचार मुद्दा



दैनिक समाचारदाता
काठमाडौं, २६ चैत । अख्तियार दुरुपयोग अन्सन्धान आयोगले विद्युतीय चुरोट भेपमा लुकाएर सुन तस्करी गरेको अभियोगमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले महरा, उनका छोरा राहुल र सहसचिव अरुण पोखरेल, चार जना विदेशी नागरिकसमेतलाई विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारले ७ करोड ७८ लाख विगो माग दाबी गरेको छ ।

नेकपाका नेता समेत रहेका महराको भेपबाट हुने सुन तस्करीमा संलग्न चिनयाँ नागरिकसँगको सम्बन्ध र कारोबार खुलेपछि अख्तियारले मुद्दा लैजाने निर्णय गरेको थियो।

चिनियाँ गिरोहले २०७९ मा भेपको आवरणमा सुन भित्र्याउन खोज्दा भन्सारले पक्राउ गरेको थियो । त्यसको अनुसन्धान गर्दै जाँदा महरा र उनका छोरा राहुल लगायतको संलग्नता भेटिएको थियो ।

## धर्मेन्द्र विह्वलको 'जगन्मुक्ति'माथि विचार-विमर्श



दैनिक समाचारदाता
जनकपुरधाम, २६ चैत । मैथिली पुस्तक 'जगन्मुक्ति'माथि पत्रकार तथा साहित्यकारहरूले व्यापक रूपमा विचार(विमर्श गरेका छन् ।

विहीबार नेपाल पत्रकार महासंघ, धनुषा शाखाको सभाकक्षमा वरिष्ठ पत्रकार तथा साहित्यकार धर्मेन्द्र विह्वलद्वारा लिखित उक्त कृतिमाथि करिब दुई दर्जन साहित्यप्रेमीहरूले आफ्ना धारणा राखेका हुन् ।

मिथिला क्षेत्रको सांस्कृतिक, धार्मिक तथा भावनात्मक जीवनलाई समेट्दै 'जगन्मुक्ति : हिमालय पारदेखि समुद्री तटसम्म' शीर्षकमा प्रकाशित यस कृतिले मिथिलावासीको आस्था, परम्परा र जीवनदर्शनलाई उजागर गर्ने प्रयास गरेको बताइएको छ ।


पुस्तकमा विशेषतः मिथिलाको जगन्नाथ यात्रादेखि विभिन्न धार्मिक स्थलहरूको यात्रालाई समेटिएको छ। यसमा हिन्दू धर्मशास्त्रअनुसार भगवान् नारायणका विभिन्न स्वरूपसँग सम्बन्धित तीर्थस्थलहरूको सजीव वर्णन गरिएको छ । नेपालका हिमाली क्षेत्रदेखि भारतका समुद्री तटसम्म फैलिएका धार्मिक स्थलहरू मिथिला संस्कृतिको साझा सम्पत्ति रहेको सन्देश कृतिले प्रवाह गरेको सहभागीहरुले बताएका छन् ।

पुस्तकमा जनकपुर, मुक्तिनाथ, काशी, कालिमन्दिरलगायतका धार्मिक स्थलहरूको यात्रा अनुभव समेटिएको हो । ती यात्राहरूले मिथिलावासीको आस्था, विश्वास र सांस्कृतिक एकतालाई थप सुदृढ बनाउने सन्देश दिएको उल्लेख गरिएको छ ।

विमर्शका क्रममा मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडीले पत्रकारहरूलाई यात्रा(संस्मरण लेखनतर्फ विशेष ध्यान दिन आग्रह गरेका छन् । उनले भने, "पत्रकार सधैं केही न केही लेख्ने र खोज्ने प्रक्रियामा हुन्छन् । यसलाई अझ गम्भीरतापूर्वक

*बाँकी ४ पृष्ठमा*


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## सम्पादकीय

# किसानमै केन्द्रित समृद्धिको मार्ग

धनुषाका रामनरेश यादवको कथा कुनै एक व्यक्तिको सफलता मात्र होइन, यो नेपालको ग्रामीण अर्थतन्त्र, आत्मनिर्भरता र श्रमको सम्मानसँग जोडिएको एउटा प्रेरणादायी सन्देश हो। पशुपालनमार्फत आत्मनिर्भर बन्नु, सन्तानलाई उच्च शिक्षासम्म पुऱ्याउनु र स्थानीय स्तरमै रोजगारी सिर्जना गर्नु, यी सबै पक्षले उनको यात्रालाई उदाहरणीय बनाएका छन्। तर, यस्ता सफलताका कथाहरू अझै पनि अपवादजस्तै देखिनु हाम्रो नीतिगत कमजोरीतर्फ संकेत गर्ने गम्भीर विषय हो।

नेपाल कृषिप्रधान देश भनिए पनि कृषकको अवस्था भने अझै सुदृढ हुन सकेको छैन। रामनरेश यादवले सञ्चालन गरेको 'आयुष पशुपालन फार्म' जस्ता पहलहरूले देखाउँछन् कि यदि श्रम, लगन र न्यूनतम अवसर प्राप्त भयो भने कृषकले न केवल आफ्नै जीवनस्तर उकास्न सक्छन्, बरु समग्र समाजलाई आर्थिक रूपमा सबल बनाउन योगदान दिन सक्छन्। चार जनालाई रोजगारी दिनु, मासिक एक लाख रुपैयाँसम्म आम्दानी गर्नु र दैनिक १०० लिटर दूध उत्पादन गर्नु, यी उपलब्धिहरूले कृषि क्षेत्रको सम्भावना स्पष्ट रूपमा उजागर गर्छन्। तर, प्रश्न उठ्छ,यस्ता सम्भावनालाई किन व्यापक बनाउन सकिएको छैन? यसको मुख्य कारण राज्यको अपर्याप्त सहयोग र अव्यवस्थित नीति नै हो। किसानले भोगिरहेका समस्याहरू जस्तै पशु आयातको जटिल प्रक्रिया, समयमा मलखादको अभाव, बजार व्यवस्थापनमा अस्थिरता–यी सबैले कृषकलाई निरुत्साहित बनाउने काम गरिरहेका छन्। रामनरेश यादवजस्ता उद्यमशील किसानले पनि "अपेक्षित सहयोग पाउन नसकेको" गुनासो गर्नुले सरकारी संयन्त्रको कमजोरी स्पष्ट पार्छ।


कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने, युवालाई आकर्षित गर्ने र उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने कुरा केवल भाषणमा सीमित हुनु हुँदैन। यसको लागि ठोस नीति, सरल प्रक्रिया र प्रत्यक्ष सहयोग आवश्यक छ। उदाहरणका लागि, पशुपालन फार्मका लागि आवश्यक पशु आयात प्रक्रियालाई सहज बनाउने, मलखादको नियमित आपूर्ति सुनिश्चित गर्ने र उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने जस्ता कदमहरू तत्काल कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

युवाहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेका बेला रामनरेश यादवका छोराहरूले आफ्नै गाउँमा बसेर पशुपालनमा संलग्न हुनु सकारात्मक संकेत हो। यसले देखाउँछ कि यदि कृषि क्षेत्रलाई व्यवस्थित र लाभदायी बनाउन सकियो भने युवाशक्ति देशमै रोक्न सकिन्छ। यसका लागि राज्यले कृषिमा आधारित उद्यमशीलतालाई प्रोत्साहन गर्ने वातावरण सिर्जना गर्नैपर्छ।

मधेश प्रदेशका सभामुखले व्यक्त गरेको "किसान उत्साहित भए मात्र देश समृद्ध हुन्छ" भन्ने भनाइ यथार्थपरक छ। तर, यो भनाइ व्यवहारमा उतार्न राज्यको दृढ इच्छाशक्ति अपरिहार्य छ। केवल अनुगमन र अभिव्यक्तिमा सीमित नभई नीतिगत सुधार, बजेटको प्रभावकारी कार्यान्वयन र कृषकमैत्री कार्यक्रमहरूको विस्तार आवश्यक छ।

अन्ततः, रामनरेश यादवको सफलता एउटा संकेत हो–नेपालको समृद्धिको मार्ग शहरका अग्ला भवनहरूमा होइन, गाउँका हरियाली खेत र पशुपालन फार्महरूमा लुकेको छ। यदि राज्यले यस्ता प्रयासलाई पहिचान गरी प्रोत्साहन गर्न सक्यो भने, आत्मनिर्भरता केवल नारा होइन, व्यवहारमा देखिने वास्तविकता बन्न सक्छ।

# सुधन गुरुङ मलाई पनि खासै मन पर्दैन



सञ्जीव कार्की

म पनि यही समाजको उत्पादन हुँ। जातीय मानसिक संरचनाको त्यही कथन, त्यही आधार, त्यही अवचेतन बोकेर बाँचिरहेको सामान्य नागरिक हुँ। त्यसैले म निःसङ्कोच भन्छु- मलाई पनि सुधन गुरुङ मन पर्दैन।

तर यो अस्वीकृति व्यक्तिप्रतिको होइन। मभित्र बाँचिरहेको सामाजिक चेतना फक्रिएर बोलेको हो। रास्वपाका नेता-कार्यकर्तालाई पनि सुधन गुरुङलाई गृह मन्त्रालयजस्तो संवेदनशील, शक्तिशाली र रणनीतिक केन्द्रको नेतृत्व दिएको फिटिक्कै मन परेको छैन। उनीहरू बोल्न डराइरहेका छन्।

मलाई सुधन मन नपर्नुको कारण थाहा छ। त्यसैले अपरीक्षित पात्रबारे उनको कार्यसम्पादन नहेरी मूल्याङ्कन गर्नु पूर्वाग्रह हो भन्ने कम्तीमा म ज्ञान राख्दछु। तसर्थ निरपेक्ष विरोध गर्नु हुँदैन। समस्या सुधनमा होइन, हाम्रो हेर्ने दृष्टिकोणमा छ। यो आलेख परीक्षित बन्नुअगावै समाजले गुरुङप्रति बनाएको शास्त्रीय र जातीय श्रेणीक्रमको दृष्टिकोणमा आधारित छ।

### *पहिचानसँग जुधिरहेको चेतना*

हामीले नेतृत्वको एउटा निश्चित छवि निर्माण गरेका छौँ। समाजले दशकौँदेखि एउटा खास शासकीय स्वरूप र पात्र देख्दै आएको छ। थरले मान्यता दिने, भाषाले स्तर निर्धारण गर्ने र हुलियाले योग्यता प्रमाणित गर्ने। यस्तो संरचनामा हुर्किएको मन र मनस्थितिले अलि फरक पृष्ठभूमिबाट आएको व्यक्तिलाई सहजै स्वीकार्दैन। सुधन गुरुङजस्ता पात्रहरू यही स्थापित मानक भत्काएर आएका हुन्। त्यसैले उनीप्रति असहज हुनु स्वाभाविक छ।

तर यो स्वाभाविकता खतरनाक छ, किनकि यसले हाम्रो सोचमा गहिरो रूपमा गढिएको विभेदको सामान्यीकरण गर्छ। हामी अनायासै उनको थरबाट, हुलियाबाट, भाषाबाट, शैलीबाट, बडी ल्याङ्ग्वेजबाट योग्यताको मापन गर्न थाल्छौँ। कार्यसम्पादनअघि नै फलानो जिम्मेवारीका लागि अयोग्य रहेको घोषणा गर्नतर्फ लाग्छौँ।

यो व्यक्तिगत कमजोरी होइन, सामाजिक संरचनाले मस्तिष्कमा पारेको प्रभाव हो। त्यसैले सुधन गुरुङजस्ता पात्रहरू, जो परम्परागत राजनीतिक श्रेणीक्रमभन्दा बाहिरबाट आएका छन्, उनीहरूलाई स्वीकार्न हाम्रो अवचेतन मस्तिष्कलाई गाह्रो लाग्छ। उनको योग्यताभन्दा पनि थर वा पृष्ठभूमिका आधारमा प्रश्न उठ्नु सामाजिक संरचनाकै उपज हो। त्यसैले रास्वपाका हजारौँ नेता-कार्यकर्तालाई पनि सुधन मन नपरेको सत्य हो।

### *हुलिया र शैलीको राजनीति*

हामी मन्त्री भन्नेबित्तिकै प्रायशः औपचारिक छवि, दौरा-सुरुवालमा ठाँटिएको, रातोपिरो खस आर्य समुदायको व्यक्ति वा पटक-पटक सत्तामा गएको राजनीतिक विरासत भएको जनजाति या मधेसीको कल्पना गर्छौं। टाई-सुट, अड्कलिएको कुटिल भाषा र दूरी कायम राखी गरिने व्यवहारको हामी अपेक्षा गर्छौं। सार्वजनिक मञ्चमा गजक्क परेर बस्ने र आफ्नो माहात्म्य सुनाएर हिँड्ने व्यक्ति हाम्रो छविमा मन्त्री या नेताको हो। जब सडकबाट आएको, सिधा बोल्ने, आडम्बरविहीन व्यक्ति त्यही ठाउँमा पुग्छ, हाम्रो चेतना विचलित हुन्छ।

हामी त्यसलाई पचाउन नसकेर अनेकौँ परम्परागत मानक र औपचारिकता नमिलेको ट्याग भिराएर अवमूल्यन गर्छौं। यो केवल शैलीको प्रश्न होइन; यो कसको शैलीलाई मान्यता दिने ? र, कसको शैलीलाई मान्यता नदिने भन्ने राजनीतिक-सांस्कृतिक चिन्तनबाट प्रभावित हुन्छ। जहाँ सादगीलाई कमजोरी र आडम्बरलाई क्षमता मानिन्छ।

यसकारण सुधन गुरुङहरू अयोग्य देखिन थालिन्छ। कुनै व्यक्तिप्रति हाम्रो धारणा सधैँ उसको वास्तविक क्षमतामा आधारित हुँदैन; धेरैजसो अवस्थामा त्यो हाम्रो चेतनाभन्दा गहिरो तहमा बसेका पूर्वनिर्धारित भाष्य, अनुभव र संरचनाबाट निर्देशित र पोषित हुन्छ।

आममानिसलाई उनी मन नपर्नुको कारण उनी स्वयं होइनन्, बरु उनी हाम्रो समाजले बनाएको 'स्वीकार्य नेतृत्व'को परम्परागत छविसँग मेल नखानु हो। हामीले लामो समयदेखि एउटा निश्चित ढाँचामा शक्ति र नेतृत्वको कल्पना गरेका छौँ। जहाँ थर, पृष्ठभूमि, भाषा र व्यवहारले नै व्यक्तिको योग्यता मापन गरिन्छ। यसैकारण, कुनै फरक पृष्ठभूमिबाट आएको व्यक्तिले नेतृत्वको उच्च तहमा पुग्दा हाम्रो चेतनाले हत्तपत्त स्वीकार गर्न इन्कार गरिरहन्छ।

चुनावमा पार्टीहरूले टिकट दिने बेलामा समेत जात, पहुँच र पैसाको आधारमा दिने गरिन्छ। कतिपय जातजाति, महिला र अल्पसङ्ख्यकलाई चुनाव जित्ने हैसियत नै नभएको निक्र्योल चुनावअघि नै निकालिन्छ र प्रतिस्पर्धाको मैदानमा अयोग्य बनाइन्छ। हामी कसैको थर, लिङ्ग, हुलिया र आवरण हेरेर योग्यताको मापन गर्न थाल्छौँ, जुन हाम्रो समाजमा जरा गाडेर बसेको जातीय पदानुक्रमको जड सङ्केत हो। यो केवल व्यक्तिगत पूर्वाग्रह होइन, यो हाम्रो सामूहिक मनोविज्ञानको प्रतिबिम्ब हो।

सुधनको थर र खानदान सुन्नेबित्तिकै हामी उसको योग्यतामा प्रश्न गर्छौं। हाम्रो संरचनाले विद्वत्ता र नेतृत्वलाई एउटा निश्चित वर्ग वा समुदायको पेवाजस्तो बनाएको छ।

जब कुनै भुइँमान्छे वा पछाडि पारिएको समुदायको व्यक्ति उच्च ओहोदामा पुग्छ, तब समाजले उसको क्षमतालाई होइन, उसको उत्पत्तिलाई हेरेर न्याय गर्न खोज्छ। यस्तो न्याय एन्टोनियो ग्राम्सीले भनेझैँ सांस्कृतिक प्रभुत्व हो, जहाँ शासक वर्गले आफ्नो मूल्य-मान्यतालाई नै एक मात्र सत्यका रूपमा स्थापित गरिदिएको हुन्छ। सुधनको जस्तो शैलीलाई अपरिपक्व वा हलुका देख्नु हाम्रो परम्परागत सामन्ती चेतनाको प्रारूप हो।

### *अनुभवहीनता र टिमको महत्त्व*

शासकीय अनुभव नहुँदा प्रणाली बुझ्न समय लाग्न सक्छ। शासकीय अनुभव नहुनु एउटा वास्तविक प्रश्न हो। राज्य सञ्चालन जटिल प्रक्रिया हो र अनुभवको आफ्नै विशेष मूल्य हुन्छ। तथापि असल नियत र राम्रो टिम नै यसको अचुक औषधि हो। मन्त्रीले विज्ञहरूको सल्लाह सुन्ने र संस्थागत स्मृतिलाई उपयोग गर्न सक्ने टिम बनाउन सके भने अनुभवहीनतालाई क्षमताले प्रतिस्थापन गर्न सकिन्छ।

शासकीय अनुभवको अभावप्रति शङ्का स्वाभाविक भए पनि, असल नियत र सक्षम टोली भएमा त्यस्तो कमी धेरै हदसम्म व्यवस्थापन गर्न सकिन्छ। समस्या तब सुरु हुन्छ, जब अनुभवको प्रश्न क्षमता परीक्षण नभएर अस्वीकारको आधार बन्छ। शासन व्यक्तिगत प्रतिभा मात्र होइन, सामूहिक क्षमताको परिणाम हो। त्यसैले प्रश्न अनुभवको मात्र होइन, प्रश्न हो- हामी कसरी मूल्याङ्कन गर्छौं ?

प्रजातन्त्रमा नागरिकले शासकलाई 'ब्लाइन्ड चेक' दिनु हुँदैन। शङ्काको प्रशस्त सुविधासहितको शुभकामना नै सबैभन्दा सन्तुलित दृष्टिकोण हो। यसले उनीहरूलाई काम गर्ने अवसर पनि दिन्छ र साथसाथै खबरदारी पनि गरिरहन्छ। नयाँ मन्त्रिपरिषद्ले प्रशासनिक संयन्त्रलाई आफ्नो भिजनअनुसार चलाउन सक्ला ? वा अनुभवहीनताकै कारण कर्मचारीतन्त्र उनीहरूमाथि हावी होला ? यो प्रश्न भने जबर्जस्त आइरहने प्रश्न हो।

गुरुङका मानवीय कमजोरी वा कार्यक्षमतामाथि प्रश्न उठाउनु लोकतान्त्रिक अधिकार हो। तर, उनको हुलिया र पृष्ठभूमिकै आधारमा उनलाई निषेध गर्न खोज्नु संरचनागत पूर्वाग्रह नै हो। यो मन्त्रिपरिषद्ले यदि यी अपरीक्षित पात्रहरूलाई निर्बाध काम गर्ने ठाउँ दियो भने, यसले भविष्यमा नेपालको शासकीय स्वरूपलाई अझ बढी समावेशी र भुइँ-स्तरको बनाउन मद्दत पुऱ्याउनेछ। सुधन गुरुङको हुलिया, बोल्ने शैली र खानदानप्रति हाम्रो समाजले

*बाँकी ३ पृष्ठमा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लब | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## रहस्यमयी समुद्री जीव

# कटलफिसका १० रोचक विशेषता



समुद्रको गहिराइमा लुकेर बस्ने अनौठो र चतुर जीवमध्ये एक हो, कटलफिस। नाममा 'फिस' जोडिए पनि यो वास्तवमा माछा भने होइन, बरु अक्टोपस र स्क्विडको नजिकको समुद्री जीव हो।

यसको सबैभन्दा ठूलो विशेषता भनेको क्षणभरमै रंग, ढाँचा र शरीरको बनावट बदल्न सक्ने क्षमता हो। यही कारण यसलाई धेरैले 'समुद्रको गिरगिट' पनि भन्छन्।

संसारभर १०० भन्दा बढी प्रजाति पाइने यो जीव प्रायः समुद्रको किनार नजिकको तातो वा समशीतोष्ण पानीमा भेटिन्छ। यसको आयु छोटो भए पनि जीवनशैली अत्यन्त सक्रिय, बुद्धिमान र रोमाञ्चक हुन्छ।

*१. ३ वटा मुटु*

सुन्दा पनि आश्चर्य पार्ने कटलफिसको सबैभन्दा ठूलो विशेषता भनेको तीनवटा मुटु हुनु। सामान्य जीवमा एउटा मुटु हुने भए पनि यसमा तीनवटा मुटुले फरक-फरक काम गर्छन्। यही कारण यो पानीभित्र निरन्तर सक्रिय रहन, शिकार गर्न र छिटो भाग्न सक्षम हुन्छ।

समुद्रमा यसको जीवन सधैं सचेत रहनुपर्ने हुन्छ। किनकी, यिनीहरू नजिक कहिले शिकार नजिकिन्छ, कहिले शत्रु देखिन्छ भन्ने निश्चित हुँदैन। यस्तो अवस्थामा शरीरलाई लगातार अक्सिजन र ऊर्जा चाहिन्छ। तीनवटा मुटुको यही संरचनाले यसको शरीरलाई पानीभित्र लामो समय छरितो र सक्रिय बनाइराख्छ।

यही विशेषताले कटलफिसलाई साधारण समुद्री जीवभन्दा धेरै फरक बनाएको छ।

*२. दृष्टि निकै तेज*

कटलफिसको आँखा यसको शरीरको सबैभन्दा शक्तिशाली भागमध्ये एक हो। यसको आँखाको अनौठो आकारले कम प्रकाश भएको समुद्री वातावरणमा पनि राम्रोसँग वरिपरिको हलचल थाहा पाउन मद्दत गर्छ।

यही कारण बालुवा, ढुंगा वा समुद्री घाँसबीच लुकेर बस्दा पनि यसले वरिपरि के भइरहेको छ भन्ने छिट्टै बुझ्छ। यसको दृष्टि केवल शिकारका लागि मात्र होइन, लुक्ने कलाका लागि पनि अत्यन्त महत्वपूर्ण हुन्छ। वातावरणको प्रकाश, छायाँ र बनावट कस्तो छ भन्ने थाहा पाएपछि यसले शरीरको ढाँचा तुरुन्तै बदल्छ। रोचक कुरा, यसले मानिसले सजिलै नछुट्याउने प्रकाशको सानो फरक पनि महसुस गर्न सक्छ। यही तेज दृष्टिले कटलफिसलाई समुद्रको उत्कृष्ट शिकारी र लुक्ने कलाको उस्ताद बनाएको छ।

*३. समुद्री छेपारो*

कटलफिसलाई समुद्री छेपारो पनि भन्ने गरिन्छ। किनकी, यसको रङ र शरीरको बनावट बदल्ने अद्‍भुत क्षमता हो। यो क्षणभरमै आफ्नो शरीरलाई बालुवाजस्तो, ढुंगाजस्तो, समुद्री घाँसजस्तो वा थोप्ला परेको ढाँचामा बदल्न सक्छ।

यो क्षमता लुक्नका लागि मात्र होइन। शिकार नजिक पुग्दा चुपचाप नजिकिन, साथी आकर्षित गर्न वा प्रतिद्वन्द्वीलाई डर देखाउन पनि यसले फरक-फरक ढाँचा प्रयोग गर्छ।

यही कारण कटलफिसको लुक्ने कला संसारकै उन्नत प्राकृतिक कलामध्ये एक मानिन्छ। मानिसले क्यामेरामा छिट्टै फिल्टर फेरेजस्तै यसले आफ्नो शरीर तुरुन्त बदल्न सक्छ।

*४. संसारभर १०० भन्दा बढी प्रजाति*

कटलफिस एउटै प्रकारको जीव होइन। संसारभर यसको १००-१२० भन्दा बढी प्रजाति पाइन्छन्। केही प्रजाति निकै साना, २-३ इन्चका हुन्छन् भने ठूलो अस्ट्रेलियन कटलफिस आधा मिटरभन्दा लामो र १० किलोभन्दा बढी हुन सक्छ।

युरोप, एसिया, अफ्रिका र अस्ट्रेलिया आसपासका समुद्रमा यसको धेरै प्रजाति भेटिन्छन्। धेरैजसो किनार नजिकको तातो वा समशीतोष्ण पानीमा बस्छन्। केही दिनमा बढी सक्रिय हुन्छन् भने केही राति शिकार खोज्न निस्किन्छन्।

यति धेरै विविधताले कटलफिसलाई समुद्री संसारको निकै रोचक समूह बनाएको छ।

*५. ८ हात र २ लामा अंग*

कटलफिसका ८ वटा हात र २ वटा लामो समात्ने अंग हुन्छन्। यी दुई लामो अंग मुख्य रूपमा शिकार समात्न प्रयोग हुन्छन्। सामान्य अवस्थामा भित्र लुकेका जस्ता देखिन्छन्, तर शिकार देख्नेबित्तिकै एक्कासी अगाडि निस्किन्छन्।

शिकार समातिसकेपछि ८ वटा हातले त्यसलाई मजबुत समातेर मुखतिर ल्याउँछन्। त्यसपछि मुखले केकडा, झिँगा, सानो माछा वा खोल भएका जीवलाई पनि सजिलै खान सक्छ।

यसको शिकार गर्ने शैली निकै रोचक छ। आँखा, दूरी र सही समय मिलाएर शिकारतिर फुत्त पुग्ने क्षमता यसलाई समुद्रको चतुर घातक शिकारी बनाउँछ।

*६. आयु छोटो*

यति बुद्धिमान र अनौठो जीव भए पनि कटलफिसको आयु सामान्यतया १ देखि २ वर्ष मात्रै हुन्छ। छोटो आयु भए पनि यसले जीवनको हरेक चरण निकै तीव्र गतिमा पूरा गर्छ।

जन्मिएपछि छिट्टै बढ्ने, शिकार सिक्ने, रंग बदल्ने कला सिक्ने, साथी खोज्ने र अण्डा राख्ने सबै काम यही छोटो अवधिमा हुन्छ। यही छोटो तर अत्यन्त सक्रिय जीवनशैलीले यसलाई समुद्री जीवविज्ञानमा 'छोटो जीवन, तीव्र गतिविधि' को उत्कृष्ट उदाहरण बनाएको छ।

*७. पानीमा निकै सुन्दर ढंगले सर्छ*

कटलफिसको चाल हेर्दा निकै सुन्दर र लचकदार देखिन्छ। यसको शरीरको छेउमा रहेको पखेटाजस्तो भाग लहरिँदै चल्दा यो पानीमा बिस्तारै तैरिएको जस्तो देखिन्छ। तर खतरा महसुस भयो भने यसको गति एक्कासी बदलिन्छ। यसले शरीरभित्र पानी सोसेर बलपूर्वक बाहिर फाल्छ र त्यसकै सहायताले एकैछिनमा फुत्त अगाडि वा पछाडि निस्किन्छ।

*८. शरीरभित्र सन्तुलन मिलाउने विशेष कडा भाग*

कटलफिसको शरीरभित्र हल्का र कडा विशेष हड्डीजस्तो भाग हुन्छ। यही भागले पानीमा यसको सन्तुलन मिलाउँछ। यसका कारण धेरै ऊर्जा खर्च नगरी पानीको एउटै तहमा स्थिर रहन सजिलो हुन्छ। शिकारको प्रतीक्षा गर्दा वा लुकेर बस्दा यही विशेषता निकै उपयोगी हुन्छ।

किनारामा कहिलेकाहीँ भेटिने सेतो हल्का हड्डीजस्तो वस्तु यही कटलफिसको शरीरभित्रको भाग हो।

*९. खतरा पर्दा कालो मसी छोड्छ*

कटलफिसको आत्मरक्षाको सबैभन्दा चर्चित हतियार हो, यसको कालो मसी। खतरा महसुस हुनासाथ यसले पानीमा कालो बादलजस्तो पदार्थ छोड्छ। यसले शत्रुलाई अलमल्याउँछ र त्यही मौका छोपी कटलफिस भाग्छ।

कहिलेकाहीँ यो मसीले कटलफिसकै आकारजस्तो झुटो आकृति पनि बनाउँछ, जसले शत्रुलाई झन् बढी भ्रमित पार्छ। यो निकै चतुर बच्ने तरिका हो, जसले यसलाई समुद्रको चलाख जीव बनाउँछ।

*१०. प्रकाशको फरक राम्रोसँग महसुस गर्छ*

कटलफिसले रङ नदेखे पनि प्रकाशको दिशा, छायाँ र सानो फरक अत्यन्त राम्रोसँग महसुस गर्छ। यही कारण वरिपरिको सतह, बालुवा, ढुंगा वा समुद्री घाँस कस्तो छ भन्ने छिट्टै थाहा पाउँछ। यही क्षमताले यसको लुक्ने कलालाई लगभग पूर्ण बनाउँछ। कुन ठाउँमा कुन ढाँचा वा बनावट बनाउने भन्ने निर्णय यसले प्रकाशको यही सूक्ष्म फरकबाट गर्छ।

मानिसले छुट्याउन नसक्ने हल्का चमक वा प्रकाशको कोणको फरक पनि यसले महसुस गर्न सक्छ भन्ने तथ्यले यसको इन्द्रीय संसार कति उन्नत छ भन्ने देखाउँछ।

## सुधन गुरुङ......

गर्ने टिप्पणी केवल व्यक्तिगत मनमुटाव मात्र होइन, यो त हाम्रो संरचनागत चिन्तनको उपज हो।

लोकतन्त्रमा नागरिकले प्रश्न उठाउनै पर्छ। तर प्रश्न र पूर्वाग्रहबीचको भिन्नता स्पष्ट हुनुपर्छ। शङ्काको सुविधा दिनु भनेको अवसर दिनु हो। काम गर्न, प्रमाणित गर्न र असफल भए आलोचना सहन सिकाउनु हो। तर सुरुवातमै निष्कर्ष निकाल्नु भनेको लोकतान्त्रिक प्रक्रियालाई नै अवरुद्ध गर्नु हो।

*खतरा कहाँ छ ?*

सुधन गुरुङ मन नपर्नु कुनै अनौठो विषय होइन, ठूलो कुरा के हो भने हामी किन मन पराउँदैनौं ? कारण उनको काम होइन, उनको थर, शैली, पृष्ठभूमि र हाम्रो अभ्यस्त मानसिकता हो। खतरा हाम्रो नियत हो। हामी नयाँलाई अस्वीकार गर्ने बानीबाट बाहिर ननिस्किएसम्म कुनै पनि परिवर्तन केवल नाम मात्रको हुनेछ। त्यसैले अहिलेको सबैभन्दा जिम्मेवार दृष्टिकोण के हो भने न अन्ध समर्थन, न अन्ध विरोध। बरु, सजग आलोचना र सम्भावनाप्रति खुला मनले स्वीकार भाव प्रकट गर्नु हो।

जनप्रतिनिधि कुनै राजदरबारमा योजनाबद्ध रूपमा उत्पादन गरिएका व्यक्ति होइनन्। झन् रास्वपा गठनको चार वर्षसमेत पुगेको छैन। उनीहरू समाजको बहुविध धरातलबाट उदाएका पात्र हुन्। राजपरिवारका सदस्यहरू भने भविष्यमा राजा, युवराज वा राजकुमारी बन्ने निश्चित भूमिकाका लागि सानैदेखि विशेष ढङ्गले तयार पारिन्छन्। उनीहरूको शिक्षादेखि व्यवहारसम्म कसरी बोल्ने, कहाँ बोल्ने, कोसँग घुलमिल हुने सबै कुरा निश्चित प्रोटोकल र अनुशासनभित्र प्रशिक्षण गरिन्छ।

उनीहरूको जीवन पूर्वनिर्धारित मार्गमा अगाडि बढाइन्छ। तर जनप्रतिनिधिहरूको यात्रा बिलकुल फरक हुन्छ। उनीहरू कोही सामाजिक सेवाबाट, कोही आन्दोलन र अभियानबाट, कोही शैक्षिक, धार्मिक वा पेसागत क्षेत्रबाट राजनीतिमा प्रवेश गर्छन्। त्यसैले उनीहरूको व्यक्तित्व, सोच र अभिव्यक्ति पनि विविध हुन्छ। यही विविधता नै लोकतन्त्रको शक्ति हो, कमजोरी होइन। यस सन्दर्भमा गुरुङ पनि त्यही प्रक्रियाबाट आएका एक प्रतिनिधि हुन्।

उनी कुनै विशेष राजसी प्रशिक्षणबाट आएका होइनन्, बरु सामाजिक-राजनीतिक प्रक्रियामा सक्रिय हुँदै जनताको अनुमोदन प्राप्त गरेर संसद्सम्म पुगेका व्यक्ति हुन्। उनीजस्तै अन्य सांसदहरू पनि जनताकै दैलोबाट वैधता प्राप्त गरेर आएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी आफैंमा युवा ऊर्जा र नयाँ सोचको प्रतिनिधित्व गर्ने दल हो, जहाँ युवाहरूको उल्लेख्य उपस्थिति छ। सुधन गुरुङ पनि त्यही पुस्ताका एक प्रतिनिधि हुन्। त्यसैले उनको योग्यता र क्षमता आजकै आधारमा अन्तिम निष्कर्ष निकाल्नु हतारो हुनेछ। लोकतान्त्रिक अभ्यासमा कुनै पनि जनप्रतिनिधिको मूल्याङ्कन उनको विगतको प्रोटोकल होइन, वर्तमानको कार्यसम्पादन र भविष्यको योगदानले निर्धारण गर्छ। त्यसैले सुधन गुरुङको मूल्याङ्कन पनि उनले गर्ने काम, लिने निर्णय र जनताप्रतिको उत्तरदायित्वको आधारमा गर्नु न्यायोचित हुन्छ।

*प्रोटोकल र संस्थागत गरिमा*

व्यक्तिगत स्वभाव भलाबी हुनु एउटा पक्ष हो, तर महत्त्वपूर्ण पदमा पुगेपछि केही निश्चित मर्यादा र प्रोटोकलहरूको पालना गर्नु अपरिहार्य हुन्छ। प्रोटोकल किन ? यो केवल व्यक्तिगत प्रदर्शनका लागि होइन, बरु उनले प्रतिनिधित्व गर्ने संस्थाको गरिमा र अन्तर्राष्ट्रिय छवि जोगाउनका लागि हो।

सन्तुलनको आवश्यकता सुधनका लागि अहिलेको मुख्य चुनौती भनेको आफ्नो मौलिक भुइँ-स्वभाव नत्यागी राजकीय जिम्मेवारीका प्रोटोकलहरूलाई कसरी कुशलतापूर्वक निर्वाह गर्ने भन्ने नै हो। हाम्रो समाजले सुन्ने गरेको भाष्य र सुधनले देखाएको यथार्थबीचको खाडललाई उनले आफ्नो कार्यशैलीबाटै पुर्नपुर्ने देखिन्छ।

यदि उनले पदको मर्यादा राख्दै आफ्नो इमानदार स्वभावलाई काममा बदल्न सके भने, यसले नेपालको राजनीतिमा नयाँ शासकीय संस्कृतिको जग बसाल्नेछ। मलाई थाहा छैन सुधनले कस्तो काम गर्छन्। मेरो चासो कति मात्र हो भने उनको पद बहालीलाई लिएर हाम्रो समाजले उनीप्रति कस्तो प्रतिक्रिया दियो र किन पूर्वाग्रह राख्यो। हामी दलित, जनजाति, मधेसी, महिला र अल्पसङ्ख्यकप्रति कस्तो मनोवैज्ञानिक विकार पालेर बसेका छौं र किन ?

सुधन लोकतान्त्रिक प्रक्रियाको सबैभन्दा स्वच्छ चुनावमार्फत विजयी भएर आएका जनप्रतिनिधि हुन्। यसअघि जसरी शेरबहादुर देउवा, खुमबहादुर खड्का, भीमबहादुर रावल, रामबहादुर थापा, शक्ति बस्नेत, रवि लामिछाने र रमेश लेखकलगायत गृहमन्त्री बनेका थिए।

सुधनले गलत काम गरेमा दण्डभागी हुनेछन्। राम्रो काम गरे सम्मानित। उनको कामको घाटा रास्वपा पार्टी, सभापतिको रूपमा रवि लामिछाने र प्रधानमन्त्रीको रूपमा बालेन्द्र शाहलाई हुनेछ। रास्वपाले बालेन्द्र शाहको नेतृत्वमा गठन भएको सरकारलाई नकाम गर्ने छुट मात्रै नभएको होइन, काम नगरी बस्ने छुट पनि छैन। साभारः रातोपाटीडटकम

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# इँटाभट्टादेखि संसद् भवनसम्म: २५ वर्षीया रुबीको असाधारण यात्रा

दैनिक समाचारदाता

काठमाडौं, २६ चैत। संघर्ष, मिहिनेत र अवसरको संगमले कहिलेकाहीँ असम्भवजस्तो देखिने यात्रालाई पनि सम्भव बनाइदिन्छ। यस्तै एक प्रेरणादायी उदाहरण बनेकी छन् श्रम संस्कृति पार्टीकी सांसद रुबीकुमारी ठाकुर, जसले प्रतिनिधिसभाको उपसभामुख पदमा उम्मेदवारी दिएसँगै देशकै ध्यान आकृष्ट गरेकी छन्।

धनुषाको जनकपुरधाम-१४, मुजेलियाकी २५ वर्षीया रुबी सिभिल इन्जिनियरिङ अध्ययन गरेकी प्रतिभाशाली युवती हुन्। विपन्न परिवारमा जन्मिएकी उनी घरकी जेठी सन्तान हुन्। उनका बुवा शोगारथ ठाकुर वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा हजामको काम गर्दै आएका छन् भने आमा रेनु देवीले इँटाभट्टामा श्रम गरेर परिवार धानेकी थिइन्।



तीन बहिनी र दुई भाइसहितको ठूलो परिवारमा हुर्किएकी रुबीको पढाइप्रतिको लगाव देखेर उनका बुबाआमाले अनेकौं दुःख सहेरै भए पनि उनलाई शिक्षित बनाएका थिए।

पढाइमा अब्बल रुबीले सिभिल इन्जिनियरिङ पूरा गरेपछि एक निर्माण कम्पनीमा इन्जिनियरका रूपमा कार्यरत थिइन्। राजनीतिप्रति खासै चासो नराख्ने उनी चुनावअघि आफ्नै पेसामा व्यस्त थिइन्। तर, उनको जीवनले अप्रत्याशित मोड लियो।

गत निर्वाचनका क्रममा श्रम संस्कृति पार्टी मधेशका संस्थापक तथा केन्द्रीय सदस्य मईयुद्दिन कवारी (छोटो पैठान)ले रुबीको नाम समानुपातिक सूचीमा राख्न पहल गरे। त्यही निर्णयले उनलाई राष्ट्रिय राजनीतिमा प्रवेश गरायो। अहिले उनलाई उपसभामुख बनाउन पनि कवारीले पर्दापछाडिबाट सक्रिय भूमिका खेलेका छन्।

कवारीका अनुसार मधेश प्रदेशमा पार्टीको संगठन विस्तारलाई सहज बनाउन नयाँ अनुहारलाई नेतृत्वमा ल्याउने उद्देश्यले रुबीलाई अगाडि सारिएको हो। उनी भन्छन्, "यो केवल उम्मेदवारको अभावका कारण गरिएको निर्णय होइन, यो हाम्रो पार्टीको ऐतिहासिक र सोचविचारसहितको कदम हो।"

रुबीले राजनीतिक यात्रा सुरु गर्दा उनको परिवारमा चिन्ता पनि थियो। कवारी सम्झन्छन्, "चुनावी प्रचारका लागि रुबीलाई लिन घर जाँदा उनकी आमा डराउनुहुन्थ्यो। पुरुषहरूसँग हिँड्दा पछि छोरीको विवाहमा समस्या आउला कि भन्ने चिन्ता थियो।"

तर, समयसँगै अवस्था परिवर्तन भयो। जब पार्टीले रुबीलाई सांसद बनायो, उनकी आमा गर्वले गद्गद् भइन्। अहिले उपसभामुख बन्ने सम्भावनाले परिवारमा अझ बढी खुसी छाएको छ। आफूलाई दिइएको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न सक्षम रहेको विश्वास व्यक्त गर्दै रुबी भन्छिन्, "यो अवसर केवल व्यक्तिगत उपलब्धि मात्र नभई नयाँ पुस्ताको प्रतिनिधित्व पनि हो।"

कवारी भन्छन्, "नेपालको इतिहासमा सम्भवत: सबैभन्दा कम उमेरकी उपसभामुख बन्ने उनी नै पहिलो व्यक्ति हुन सक्छिन्। श्रम संस्कृति पार्टी नयाँ सोच र शैलीका साथ अघि बढ्न चाहन्छ।" सामान्य पृष्ठभूमिबाट उठेर राष्ट्रिय नेतृत्वको महत्त्वपूर्ण भूमिकामा पुग्न लागेकी रुबीकुमारी ठाकुरको यो यात्रा आजका धेरै युवाका लागि प्रेरणाको स्रोत बनेको छ।

# बर्दीबास उद्योग वाणिज्य संघमा कार्की प्यानल विजयी



दैनिक समाचारदाता

बर्दीबास, २६ चैत। बर्दीबास उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा दीपकबहादुर कार्कीको प्यानल विजयी भएको छ। १७ सदस्यीय नयाँ कार्यसमितिका लागि बुधबार साँझ सार्वजनिक परिणाम अनुसार, कार्कीले आफ्ना प्रतिस्पर्धी उत्तम श्रेष्ठलाई २७१ मतको अन्तरले पराजित गर्दै अध्यक्ष पदमा विजयी हुनुभएको हो।

निर्वाचनमा कार्कीले ८२८ मत प्राप्त गर्नुभयो भने प्रतिद्वन्द्वी श्रेष्ठले ५५७ मत ल्याउनुभयो। कार्कीले प्राप्त गरेको मत कुल सदर मतको ५८.४७ प्रतिशत रहेको छ। यस निर्वाचनमा कार्कीले 'डमरु' र श्रेष्ठले 'कलश' चिन्ह लिएर प्रतिस्पर्धा गर्नु भएको थियो।

१७ पदका लागि सम्पन्न निर्वाचनमा कार्की प्यानलले सबै पदमा वर्चस्व जमाएको छ।

प्रथम उपाध्यक्षमा रञ्जितराज ढुंगानाले ८४९ मत, द्वितीय उपाध्यक्षमा रामनाथ साह ७४३ मत, महिला उपाध्यक्षमा ज्ञानु बलम्पाकी आले ७६९ मत, महासचिवमा केदार गौतम ८१७ मत, सचिवमा रिमनाथ अधिकारी ७०० मत, कोषाध्यक्षमा सुरेन्द्रराज लामा ७२९ मत र सहकोषाध्यक्षमा संगमकुमारी आले ८२९ मत प्राप्त गर्नुभएको छ।

सदस्यतर्फ चार महिला र पाँच पुरुष सदस्यमा पनि कार्की प्यानलकै उम्मेदवार विजयी भएका छन्।

मधेश प्रदेशकै चर्चित स्वास्थ्य व्यवसायीका रूपमा परिचित कार्की शुभ स्वस्तिक अस्पताल र नर्सिङ कलेजका सञ्चालक हुनुहुन्छ। स्वास्थ्य र शिक्षा क्षेत्रमार्फत बर्दीबासको व्यापारिक गतिविधि चलायमान बनाउन उहाँले पुर्‍याएको योगदानका कारण व्यवसायीमाझ लोकप्रिय हुनुहुन्छ। यसअघि उहाँले २०७० र २०७९ सालको निर्वाचनमा सदस्य पदमा सर्वाधिक मत ल्याइसक्नुभएको थियो।

निर्वाचनपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष कार्कीले बर्दीबासको व्यावसायिक विकास र दीर्घकालीन आर्थिक समृद्धिलाई केन्द्रमा राखेर स्पष्ट योजना अनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "बर्दीबासको व्यावसायिक एकता, साझा हित र दीर्घकालीन आर्थिक समृद्धिलाई केन्द्रमा राख्दै हाम्रो टीम स्पष्ट योजनाका साथ अघि बढ्नेछ।"प्यानल विजयी भए पनि परम्परा तोड्दै बर्दीबासमा पहिलोपटक कुनै तामझामपूर्ण विजय जुलुस ननिकालेर नव निर्वाचित टीमले चुनावी सालीनता प्रदर्शन गरेको स्थानीयहरूले उल्लेख गरेका छन्।

निर्वाचन अधिकृत विष्णु कार्कीका अनुसार, मङ्गलबार सम्पन्न मतदानमा संघमा आबद्ध एक हजार ६४० मतदातामध्ये एक हजार ४१६ मत खसेको थियो।

# १३ दिनपछि रिहा ओली: सर्वोच्चलाई सम्मान, सरकारप्रति आक्रोश

दैनिक समाचारदाता

काठमाडौं, २६ चैत। पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकारले पूर्वाग्रह र प्रतिशोधको भावनाले प्रेरित भएर फौजदारी अभियोग लगाई आफूलाई १३ दिनसम्म गैरकानुनी रूपमा नियन्त्रणमा राखेको बताएका छन्।



पर्याप्त आधार र प्रमाण नपुगेपछि आफू रिहा भएको उनको भनाइ छ।

ओलीले आफ्नो रिहाइका लागि आवाज उठाउने सबैप्रति कृतज्ञता व्यक्त गर्दै सर्वोच्च अदालतप्रति सम्मान प्रकट गरेका छन्।

सामाजिक सञ्जालमार्फत उनले लेखेका छन्, "मेरो रिहाइका लागि आवाज उठाउनुहुने सम्पूर्ण न्यायप्रेमी दिदीबहिनी तथा दाजुभाइहरू, कानुनी लडाइँमा अहोरात्र साथ दिनुहुने कानुन व्यवसायी मित्रहरू, न्यायकर्मीहरू, न्यायको पक्षमा वकालत गर्ने विभिन्न राजनीतिक दल, नेताहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, परमादेश जारी गर्ने सम्मानित सर्वोच्च अदालतप्रति उच्च सम्मान प्रकट गर्दछु।"

प्रहरी नियन्त्रणमा रहँदा आफूलाई मानवीय व्यवहार गर्ने प्रहरी प्रशासन तथा उपचारमा संलग्न त्रिवि शिक्षण अस्पताल परिवारप्रति पनि उनले कृतज्ञता व्यक्त गरेका छन्। ओलीले आफ्नो रिहाइको माग गर्दै आन्दोलन गर्ने क्रममा घाइते भएकाहरूको उपचार खर्च राज्यले व्यहोर्नुपर्ने माग गरेका छन्। अन्यथा, पार्टीले नै उपचार खर्च व्यहोर्ने जानकारी उनले दिएका छन्।

प्रतिकूल स्वास्थ्य अवस्थाका कारण केही दिन अस्पतालमै बसेर उपचार गराउने उनले बताएका छन्।

## जनलोकपाल.......

अनुसन्धान हुने भएकाले आयोगको भूमिका प्रभावकारी देखिँदैन। एक अधिकारीले नाम नखुलाउने सर्तमा भने, "जनलोकपाल आयोगको भूमिका हुलाकजस्तो मात्र देखिएको छ।"

अख्तियारका सहप्रवक्ता गणेशबहादुर शाहीले पनि जनलोकपालबाट पठाइएका फाइलबारे आफूलाई जानकारी नभएको बताए। उनले भने, "जहाँबाट सूचना आए पनि प्रमाणका आधारमा अनुसन्धान हुन्छ।"

अर्को एक अधिकारीले भने जनलोकपाल आयोग संघीय कानुनविपरीत रहेको दाबी गर्दै यस्तो निकायले राज्यको व्ययभार मात्रै बढाएको टिप्पणी गरे।

यसैबीच, आयोगको प्रभावहीनताकै कारण दुई सदस्यले १४ महिनाअघि राजीनामा दिएका छन्। २०८१ पुसमा सदस्यद्वय राजकिशोर साह र शोभा महतोले पदबाट राजीनामा दिएका थिए। हाल आयोगमा अध्यक्ष रामसहाय प्रसाद यादव मात्र कार्यरत छन्, जसको कार्यकाल आगामी साउनमा सकिँदै छ।

## धर्मेन्द्र विह्वलको.....

लिएर रिपोर्ताज शैलीमा यात्रा तथा संस्मरण लेख्न सकिन्छ।"

वरिष्ठ साहित्यकार रमेश रञ्जनले यात्रा(संस्मरण लेख्दा लेखकले सम्बन्धित स्थानको सभ्यता, संस्कृति, विश्वास र जिज्ञासालाई मध्यनजर गर्ने भएकाले त्यस्तो लेखनले पाठकलाई नयाँ सन्देश दिन सक्ने बताए। उनका अनुसार तुलनात्मक दृष्टिकोणसहित प्रस्तुत गरिएको यात्रा(वर्णन नै यसको मुख्य उद्देश्य हो।

विचार(विमर्श कार्यक्रममा राजेश कर्ण, सुजित झा, कैलास दास, पुरण साह वीरेन्द्र रमण, आतिश मिश्र, उपेन्द्र भगत, सुरेश झा, श्यामसुन्दर शशि, सुरेश यादव, जितेन्द्र खड्ग, जीवनाथ चौधरी, जितेन्द्र झा, सुनिल मल्लिक, हिमांशु चौधरी, अवधेश कामत, रिंकु मिश्र, प्रेमचन्द्र झालगायतले आ(आफ्ना धारणा व्यक्त गरेका थिए।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४